शे फोक्सुण्डो गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको ऐन,

# आर्थिक ऐन, २०७९

गाउँसभाबाट स्वीकृत मिति

शे फोक्सुण्डो गाउँपालिका

शे फोक्सुण्डो,डोल्पा

कर्णाली प्रदेश, नेपाल

# शे फोक्सुण्डोगाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको ऐन,

**प्रस्तावनाः**शे फोक्सुण्डोगाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थसम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने , छुट दिने तथा संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम शे फोक्सुण्डोगाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

२. **भूमि कर(मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमिकर(मालपोत) लगाइने छ र असूल उपर गरिने छ ।

३. **घर जग्गा बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर बहाल कर लगाइने र असूल उपर गरिने छ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूजिगत लगानी र आर्थिक कारोवारमा आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ ।

५. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (४) बमोजिम कर लगाइने छ तर त्यसको वाँडफाँड प्रदेश कानून बमोजिम हुनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने रिक्सा अटोरिक्सा तथा ठेलामा अनुसूचि (५) बमोजिम कर लगाइने छ ।

७. **बहाल विटौरी करः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाद बिटौरी शुल्क लगाइने तथा असूल उपर गरिने छ ।

८. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाइ पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र उसूल उपर गरिने छ ।

९. **सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए बमोजिम शुल्क लगाइने तथा असूल उपर गरिने छ ।

१०. **एकिकृत सम्पति करः** एकिकृत सम्पती कर विस्तृत अध्ययन गरे पश्चात मात्र लगाइने र असूल उपर गरिने छ । एकिकृत सम्पति कर लगाएपछि मालपोत कर र घर कर लगाइने छैन ।

११. **निकासी करः** कानून बमोजिम ओसारपोसार गर्न छुट भएका जीवजन्तुहरु र अन्य पदार्थको ओसारपोसारमा अध्ययन पश्चात अनुसूचि (९) बमोजिम कर लगाइने तथा असूल उपर गरिने छ ।

१२. **अन्य करः** मागि उल्लेखित करका अतिरिक्त अन्य करहरु अनुसूचि (१०) बमोजिम लगाइने र असूलउपर गरिने छ ।

१३. **प्रदेश कानून बमोजिम हुनेः** घरजग्गा रजिष्ट्रेशन शुल्क,सवारी साधन कर र प्राकृतिक स्रोत शुल्क प्रदेश कानून बमोजिम लगाइने ,असूल उपर गरिने र बाँडफाँड हुनेछ ।

१४. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः**(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस ऐनबमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा आंशिक रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचनाको विवरण प्रत्येक वर्ष गाउँ कार्यपालिकाले गाउँसभामा पेश गर्नुपर्नेछ ।

१५. **कर तथा शुल्क संकलन गर्ने विधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूचि १

(दफा २ सँग सम्बन्धित)

### भूमि कर/मालपोत

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | मालपोत/भुमि कर (प्रति कित्ता ) | पाखो | ७ |
| | | खेत | १० |
| | नोटः प्रत्येक वर्ष मालपोत नबुझाएमा १ वर्ष सम्म नबुझाएमा जम्मा कर रकममा २५ प्रतिशत र ५ वर्षभन्दा बढी नबुझाएमा ५० प्रतिशत र १० वर्ष वा सो भन्दा बढी अवधिसम्म नबुझाएमा १०० प्रतिशत थप जरीवाना लाग्नेछ । | | |

## अनुसूचि २

(दफा ३ सँग सम्बन्धित)

### घरजग्गा बहाल कर

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | घरजग्गा बहाल कर | घर कोठा वा जग्गा भाडाको | १०% (प्रचलित नियमानुसार) |

**अनुसूचि ३**

**(दफा ४ सँग सम्बन्धित)**

**व्यवसाय कर**

| **क्र.सं.** | **कर/शुल्क** | **विवरण** | **दर** |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | १५०० |
| | | थोक | १२०० |
| | | खुद्रा | १००० |
| २ | चुरोट-विँडी सुर्तीजन्य | वितरक | १५०० |
| | | थोक | १२०० |
| | | खुद्रा | १००० |
| ३ | हल्का पेय पदार्थ | वितरक | १५०० |
| | | थोक | १२०० |
| | | खुद्रा | १००० |
| ४ | सूनचाँदी पसल | खुद्रा पसल र मर्मत | १५०० |
| ५ | औषधी पसल | थोक | १२०० |
| | | खुद्रा डाक्टर सहितको सेवा | १००० |
| | | खुद्रा औषधी विक्रीमात्र | ५०० |
| ६ | माछामासु बिक्री पसल | | ७०० |
| ७ | आयुर्वेदिक औषधी पसल | | ५०० |
| ८ | एग्रोभेट सेन्टर | | १००० |
| ९ | स्टेशनरी तथा खुद्रा पसल | | ७०० |
| १० | छपाइ तथा प्रकाशन | | ७०० |
| ११ | कस्मेटिक पसल | | ७०० |
| १२ | मोटर पार्टस | | ७०० |
| १३ | प्लाइ तथा सिसा | | ७०० |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल पसल | | ७०० |
| १५ | टाँक धागो पसल | | ५०० |
| १६ | इलेक्ट्रोनिक पसल | | ७०० |
| १७ | हार्डवेयर पसल | | १००० |
| १८ | पेट्रोलियम पदार्थ | | ७०० |
| १९ | स्टिल आल्मुनियम पसल | | ५०० |

| | | | |
|---|---|---|---|
| २० | फर्निचर | | २००० |
| २१ | सिलाइ कटाइ | | ३०० |
| २२ | पशु आहार बिक्री केन्द्र | | ० |
| २३ | किराना पसल | | ७०० |
| २४ | फलफूल/तरकारी पसल | | ५०० |
| २५ | भाँडा पसल | | ७०० |
| २६ | विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसायी सेवा(चिकित्सक, कन्सल्टेन्ट, कानून व्यवसायी, लेखापरीक्षण व्यवसायी, परामर्शदाता,पशु चिकित्सक ) | | ५०० |
| २७ | ढुवानी तथा ट्रान्सपोर्ट सेवा | | १००० |
| २८ | पेन्टर/ साइनबोर्ड लेखन | | ५०० |
| २९ | खोटो व्यवसाय | | ७०० |
| ३० | यस व्यवसायको वर्गिकरणमा नपरेका अन्य व्यवसाय | | ५०० |
| ३१ | ग्रिल उद्योग | | १००० |
| ३२ | घरेलु उद्योग | | १५०० |
| ३३ | गार्मेन्ट उद्योग | | १५०० |
| ३४ | उपभोग्य वस्तुको उत्पादन | | ५०० |
| ३५ | होटल तथा रेष्टुरेन्ट | | ७०० |
| ३६ | एफ.एम. सञ्चालन | | २५०० |
| ३७ | पत्रपत्रिका | | १००० |
| ३८ | फोटोकपि फोटो स्टुडियो  साइवर सेवा | | ७०० |
| ३९ | वित्तिय सेवाप्रदायक सेवा | | २५०० |
| ४० | स्वास्थ्य सेवा (ल्याव, चस्मा पसल, निजी अस्पताल) | | ७०० |
| ४१ | शिक्षा सेवा निजी | | २००० |
| ४२ | ड्राइ क्लिन व्युटी पार्लर सैलुन | | ७०० |
| | **व्यवसाय कर तिरेपछि नविकरण भएको मानिने छ ।** | | |

## अनुसूचि ४
### (दफा ५ सँग सम्बन्धित)
### विज्ञापन कर

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | विज्ञापन कर सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत प्रति वर्ग फुट | यस कर बापतको रकम संघिय र प्रदेश कानून बमोजिम बाँडफाँड हुने | १००० |
| | | | |

## अनुसूचि ५
### (दफा ६ सँग सम्बन्धित)
### सवारी साधन कर

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | अटो रिक्सा | दर्ता | २५०० |
| | | कर | १००० |

## अनुसूचि ६
### (दफा ७ सँग सम्बन्धित)
### बहाल विटौरी कर

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | बहाल विटौरी कर | घर/टहरा | ५०० |
| | | खाली जग्गा | ५०० |

## अनुसूचि ७
### (दफा ८ सँग सम्बन्धित)

## पार्कीङ शुल्क

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
| --- | --- | --- | --- |
| १ | पार्किङ शुल्क पार्किङ क्षेत्र बनेपछि | बस ट्रक हेभि गाडी ट्र्याक्टर जिप | |
| | | मोटरसाइकल रिक्सा | |
| | | | |

## अनुसूचि ८

(दफा ९ सँग सम्बन्धित)

## सेवा शुल्क/दस्तुर

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
| --- | --- | --- | --- |
| १ | घरजग्गा नामसारी सिफारिस | ५ रोपनी भन्दा कम | ७०० |
| | | ५ देखि १० रोपनी सम्म | |
| | | १० देखि २० रोपनी सम्म | |
| | | २० रोपनी भन्दा माथि | |
| २ | घर कायम सीफारिस | | ७०० |
| ३ | सर्जमिन सिफारिस | | ४०० |
| ४ | छात्रवृत्ति सिफारिस | | २५० |
| ५ | विपन्न/असहाय विद्यार्थि छात्रवृत्ति सिफारिस | | निशुल्क |
| ५ | अपाङ्गता सीफारिस | | निशुल्क |
| ६ | अस्थायी बसोबास सीफारिस | | २५० |
| ७ | स्थायी बसोबास सीफारिस | | २५० |
| ८ | नागरिकता सीफारिस | | २५० |
| ९ | विद्युत जडान सीफारिस | | ५०० |
| १० | धारा जडान सीफारिस | | ५०० |
| ११ | जीवित रहेको सीफारिस | | २५० |
| १२ | दुबै नाम एकै हो/ जन्ममिति संशोधन सीफारिस | | २५० |
| १३ | व्यवसाय बन्द सीफारिस | | १५०० |
| १४ | व्यवसाय सञ्चालन नभएको सीफारिस | | १५०० |
| १५ | व्यापार व्यवसाय नभएको सीफारिस | | १००० |

| | | | |
|---|---|---|---|
| १६ | कोर्ट फि मिनाहा सीफारिस | | २५० |
| १७ | योजना सम्झौता/सीफारिस | | बजेटको ०.१ प्रतिशत |
| १८ | नाबालक परिचयपत्र सीफारिस | | २५० |
| १९ | व्यवसाय सञ्चालन सीफारिस | | १००० |
| २० | उद्योग ठाउँसारी सिफारिस | | १५०० |
| २१ | विद्यालय ठाउँसारी सिफारिस | | १५०० |
| २२ | आन्तरिक बसाइसराई | | ० |
| २३ | विद्यालय सञ्चालन स्वीकृति/कक्षा वृद्धि/सिफारिस | | २००० |
| २४ | व्यक्तिगत विवरण सीफारिस | | २५० |
| २५ | जग्गा दर्ता सीफारिस | | २५० |
| २६ | संरक्षक सीफारिस | | २५० |
| २७ | नेपाल सरकारको नाममा बाटो कायम सीफारिस | | २५० |
| २८ | कोठा खोल्न रोहवरमा बस्ने सीफारिस | | २५० |
| २९ | स्वास्थ्य उपचारको सीफारिस | | ० |
| ३० | संस्था दर्ता/समुह दर्ता /सिफारिस | | २५०० |
| ३१ | परिक्षा शुल्क | श्रेणीविहिन | ३०० |
| | | सहायकस्तर चौथो तह | ८०० |
| | | सहायकस्तर पाँचौ तह | १००० |
| | | अधिकृतस्तर छैठौ तह | १५०० |
| ३२ | जिवितसँगको नाता प्रमाणित | नेपाली | ५०० |
| | | अंग्रेजी | ७०० |
| ३३ | मृतकसँगको नाता प्रमाणित | नेपाली | ५०० |
| | | अंग्रजी | ७०० |
| ३४ | आर्थिक अवस्था सम्पन्न भएको सीफारिस | | १००० |
| ३५ | जग्गान मुल्याङ्कन /आम्दानी प्रमाणित /सिफारिस | | १००० |
| ३६ | चार किल्ला प्रमाणित | | ५०० |
| ३७ | जन्म मिति प्रमाणित | | २५० |
| ३८ | घर बाटो प्रमाणित | | २५० |
| ३९ | विवाह/अविवाहित प्रमाणीत | | २५० |
| ४० | घर पाताल प्रमाणित | | २५० |

| | | | |
|---|---|---|---|
| ४१ | कागज/ मञ्जुरीनामा प्रमाणित | | २५० |
| ४२ | हकवाला प्रमाणित | | २५० |
| ४३ | शैक्षिक प्रमाणपत्र/चारीत्रिक अवस्था प्रमाणित | | २५० |
| ४४ | अपुताली सिफारिस | | ५०० |
| ४५ | तमसुक प्रमाणित | | २५० |
| ४६ | शिक्षक भर्ना शुल्क | | १००० |
| ४७ | अन्य सीफारिस | | २५० |
| ४८ | निवेदन फारम दस्तुर जुनसुकै | | ५० |
| ४९ | पञ्जीकरण दस्तुर (३५ दिन भित्र भए निशुल्क) | | ५० |
| ५० | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नामथर मिति संशोधन | | २५० |
| ५१ | शैक्षिक प्रमाणपत्रमा नामथर मिति फरक परेको संशोधन | | २५० |
| ५२ | ब्रेकर एक्साभेटर दर्ता | | ५००० |
| ५३ | ब्याक हो लोडर दर्ता | | ५००० |
| ५४ | उजुरी दर्ता | | |
| ५५ | सहकारी संस्था दर्ता सीफारिस/दर्ता | आन्तरिक सिफारिस | १००० |
| | | बाह्य सिफारिस | १५०० |
| | | गाउँपालिकामा दर्ता | २५०० |
| ५६ | घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र | | ३००० |
| ५७ | गैरसरकारी संस्थाहरु इजाजत शुल्क | | २५०० |
| ५८ | स्थानीय राजपत्र विक्री शुल्क | | |
| ५९ | अन्य अनुमति पत्र तथा सिफारिस | | १००० |
| | | | |

**अनुसूचि ९**

(दफा ११ सँग सम्बन्धित)

**निकासी कर शुल्क**

| **क्र.सं.** | **जडिबुटी** | **आन्तरिक उत्पादन रु. प्रतिकेजि** | **बाह्य निकासी** | **कैफियत** |
|---|---|---|---|---|
| १ | कटुकी | १५ | २ | |
| २ | अत्तीस | २० | २ | |
| ३ | जटामसी | १० | २ | |
| ४ | चिराइतो | १५ | २ | |
| ५ | काला दाना | ५ | २ | |
| ६ | भुतकेश | ५ | २ | |
| ७ | गुच्ची च्याउ | ५०० | २० | |
| ८ | सिलाजित | १५ | २ | |
| ९ | काकडसिलो | २० | २ | |
| १० | भोजपत्र | १० | २ | |
| ११ | सुगन्धवाल | १० | २ | |
| १२ | सुनपाते | १० | २ | |
| १३ | बिसजरा | १५ | २ | |
| १४ | पोडे | ४५० | ५० | |
| १५ | यार्सागुम्वा | १५०० | २०० | |
| १६ | पदमचाल | ५ | २ | |
| १७ | घोडामर्चा | ३० | २ | |
| १८ | सतुवा | १० | २ | |
| १९ | डालेचुक | १० | २ | |
| २० | धुपजडी | १५ | २ | |
| २१ | लौठसल्ला | २०० | २ | |
| २२ | रातो च्याउ | १०० | २ | |
| २३ | काठको फुरु | ५ | २ | |

| | | | | |
|---|---|---|---|---|
| २४ | | | | |

**अनुसूचि १०**

(दफा १२ सँग सम्बन्धित)

**अन्य कर/शुल्क**

**१. पर्यटन सम्बन्धीशुल्कः**

| क्र.स. | विवरण | वार्षिक दररेट | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ | ५००० | |
| २ | कोयोनिङ | ५००० | |
| ३ | क्यानोयीङ | ५००० | |
| ४ | बञ्जी जम्पीङ | ५००० | |
| ५ | र्याफ्टिङ | ५००० | |
| ६ | जिप फ्लायर | ५००० | |

**२. एक वडाबाट अर्को वडाको चरन क्षेत्रमा पशु चौपाया चराउदा लाग्ने शुल्क (प्रति सिजन)**

प्रति भेडा/बाख्रा रु. १०

प्रति जुमा/गाई/गोरु/भैसी/घोडा/खच्चर/गधा तथा अन्य रु. ५०

स्थानीय सरकार सञ्चालन ऐनले दिएको कर अधिकार क्षेत्रभित्र रहि अध्ययन पश्चात अन्य कर लगाइने छ ।